जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्ष: १३, अंक: १३७ पृष्ठ: ४ | २०८३ असोज ०४ आइतबार (Sunday 20 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

सशस्त्र प्रहरीका सइको हत्या आरोपी २२ महिनापछि गोली हानी पक्राउ

मणिलाल विश्वकर्मा

लहान, ३ असोज। नेपाल-भारत सीमा क्षेत्रमा पर्ने सिरहाको बरियारपट्टि गाउँपालिका-१ कचनारी नरगीमा सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी नायव निरीक्षक (सइ) करिब ४८ वर्षीय लक्ष्मणप्रसाद यादवको हत्याका मुख्य आरोपीलाई प्रहरीले २२ महिनापछि गोली प्रहार गरी पक्राउ गरेको छ।

सिरहाको महेशपुर पतारस्थित इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको कमाण्डमा खटिएको प्रहरी टोलीले शनिबार साँझ करिब सवा ५ बजे सिरहाको बरियारपट्टि गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमा क्षेत्रबाट घटनाका मुख्य आरोपी भारतीय नागरिक करिब ३७ वर्षीय मोहम्मद कुरवान मन्सुरी भनिने मोहम्मद कुरवानलाई गोली प्रहार गरी पक्राउ गरेको प्रहरीले जनाएको छ।

प्रहरीको गोली लागेर दाहिने खुट्टाको घुँडा र देब्रे हातको कुहिनोमा चोट लागेका कुरवानको सिरहा प्रादेशिक अस्पतालमा उपचार



भइरहेको छ। उनको अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

प्रहरीलाई देख्नेबित्तिकै कुरवानसहित तीनजनाको समूहले एक राउण्ड गोली प्रहार गरी भाग्न खोजेको र प्रहरीले जवाफी कारबाहीस्वरूप तीन राउण्ड गोली चलाएपछि घाइते भएका कुरवानलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। समूहमा रहेका दुईजना फरार भएकाले उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीका सइ यादवलाई ठक्कर दिने गाडीका धनी तथा चालकसमेत रहेका कुरवान भारतको बिहार राज्य, मधुवनी जिल्ला, लालमनिया थाना अन्तर्गत घोडमोहना गाउँका बासिन्दा रहेको प्रहरीले जनाएको छ।

भारतीय नागरिक भए पनि सीमावर्ती क्षेत्रका तस्करहरूसँगको मिलोमतोमा मदिरा तस्करी गर्दै आएका कुरवान सिरहाको सीमावर्ती नवराजपुर गाउँपालिका-५ मा बस्दै आएको जनाइएको छ। उनीविरुद्ध ज्यानसम्बन्धी कसुर (ज्यान मार्ने उद्योग र सवारी ज्यान) तथा संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा रहेको प्रहरीले जनाएको छ।

सीमावर्ती क्षेत्रको बडहरीस्थित

-बाँकी तीन पेजमा

सुनसरीको देवानगञ्जमा तनाव, गोली लागेर एक जना गम्भिर घाइते

विराटनगर, ३ असोज। सुनसरीको देवागञ्जमा छिमेकी दुई समुह विच झडप हुँदा एक जना गोली लागेर गम्भिर घाइते भएको प्रहरीले जनाएको छ। शनिवार साँझ देवागनगञ्ज गाउँपालिका १ मध्यहर्षाहीमा दुई समुम विच झडपहुँदा एक जना गोली लागेर गम्भिर घाइते भएको प्रहरीले जानकारी दिएको छ।

स्थानियले भने झडपमा गोली चलेर एक जनाको मृत्यु भएको बताएका छन। तर प्रहरीले भने एक जनालाई तिघ्रामा चोट लागेर गम्भिर घाइते भएकोले उपचारका लागि विराटनगरमा रहेको अस्पतालमा लगेको बताएको छ। घटना किन र कसरी भयो भन्नेबारे प्रहरी घटनास्थल पुगेर बुझ्ने र स्थिती नियन्त्रणमा लिने काम भैरहेको र दुई जनालाई नियन्त्रणमा लिएको सुनसरी प्रहरी प्रवक्ता डीएसपी चन्द्रबहादुर खडकाले बताएका छन।

प्रहरीका अनुसार सीमाक्षेत्र भएकोले आपसी लेनदेन विवादमा दुई समुह विच विवाद हुँदा झडप भएर गोली प्रहार भएको अनुमान छ। गत १०साउनमा सुनसरीको देवानगञ्ज गाउँपालिका ३ कप्तानगञ्जमा दुई समुह विच भएको झडप नियन्त्रणमा लिँदा प्रहरीले चलाएको गोली लागेर ३ जनाको मृत्यु भएको थियो भने दश जना घाइते भएका थिए।

ट्रकको ठक्करबाट सिरहामा पैदलयात्रीको मृत्यु

सिरहा, ३ असोज। सिरहाको नरहा गाउँपालिका-३ रोजी मेडिकलस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ट्रकको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ भने एकजना साइकलयात्री घाइते भएका छन्। जिल्ला प्रहरी कार्यलय सिरहाका अनुसार शनिवार बिहान करिब ७:३५ बजे गोलबजारबाट मिर्चैयातर्फ आउँदै गरेको ना.४ ख ८५०४ नम्बरको ट्रकले साइकलयात्री र पैदलयात्रीलाई ठक्कर दिएको



थियो।

ट्रकको ठक्करबाट नरहा गाउँपालिका-३ निवासी करिब ५०/५१ वर्षीय रामपृत मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा सोही स्थानका करिब ४५ वर्षीय राजातुल

-बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निर न्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

सरसफाइ व्यवहारमै उतारौं

स्वच्छता कुनै अभियान वा कार्यक्रमको विषय मात्र होइन, यो स्वस्थ जीवन र सभ्य समाजको आधार हो। लहान नगरपालिकाले सञ्चालन गर्दै आएको 'घर–घरको शान, स्वच्छता अभियान'अन्तर्गत वडा नं. २४ स्थित खापानी टोलमा सडक नाटक र स्वच्छता च्याली आयोजना हुनु सकारात्मक प्रयास हो। सरसफाइसम्बन्धी सन्देशलाई भाषण र औपचारिक कार्यक्रमबाट बाहिर निकालेर स्थानीय समुदायको बीचमा प्रत्यक्ष रूपमा पुऱ्याउने यस्ता गतिविधिले नागरिकमा चेतना जगाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

सरसफाइको विषयमा नेपालमा चेतनाको कमी मात्र मुख्य समस्या होइन, चेतनालाई व्यवहारमा रूपान्तरण गर्न नसक्नु अझ ठूलो चुनौती हो। शौचालय निर्माण गर्ने तर नियमित प्रयोग नगर्ने, घर सफा राख्ने तर सडक र सार्वजनिक स्थानमा फोहोर फाल्ने, फोहोर छुट्याउने व्यवस्था भए पनि त्यसलाई व्यवहारमा नउतार्ने प्रवृत्तिले स्वच्छताको उद्देश्य कमजोर बनाउँछ। त्यसैले स्वच्छता अभियानको सफलता कार्यक्रम कति पटक आयोजना भयो भन्नेमा होइन, नागरिकको दैनिक व्यवहारमा कति परिवर्तन आयो भन्नेमा मापन हुनुपर्छ।

खापानी टोलमा प्रस्तुत गरिएको सडक नाटकको महत्व यहीँ छ। स्थानीय परिवेश, पात्र र संवादमार्फत प्रस्तुत गरिएको सन्देश सामान्य भाषणभन्दा नागरिकको दैनिकीसँग सहज रूपमा जोडिन सक्छ। बालबालिका, युवा, महिला र ज्येष्ठ नागरिक सबैलाई सहभागी गराएर सरसफाइको साझा जिम्मेवारीबारे बुझाउन सक्नु अभियानको बलियो पक्ष हो। यस्ता सिर्जनात्मक कार्यक्रमलाई अन्य वडा र टोलमा पनि निरन्तरता दिन आवश्यक छ।

तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेर मात्र नगर स्वच्छ बन्न सक्दैन। नागरिकलाई स्वच्छताको जिम्मेवारी सम्झाइरहँदा स्थानीय सरकारले आवश्यक पूर्वाधार र सेवा पनि सुनिश्चित गर्नुपर्छ। पर्याप्त सार्वजनिक शौचालय, नियमित फोहोर संकलन, फोहोर व्यवस्थापनको प्रभावकारी प्रणाली, ढल तथा नालाको उचित व्यवस्थापन र स्वच्छ खानेपानीजस्ता आधारभूत सुविधाबिना नागरिकबाट मात्र अपेक्षा गर्नु व्यवहारिक हुँदैन। स्वच्छता नागरिक र स्थानीय सरकारबीचको साझा जिम्मेवारी हो।

लहानले विगतमा खुला दिसामुक्त नगर घोषणा गरिसकेको भए पनि त्यस्तो उपलब्धिको दिगोपन आफैं सुनिश्चित हुँदैन। खुला दिसामुक्त घोषणा उपलब्धिको अन्त्य नभई व्यवहार परिवर्तनलाई निरन्तरता दिने सुरुवात हुनुपर्छ। शौचालय निर्माण भए–नभएको भन्दा पनि त्यसको नियमित प्रयोग भइरहेको छ कि छैन, सफा राखिएको छ कि छैन र घरबाहिरको वातावरण पनि स्वच्छ छ कि छैन भन्ने प्रश्न महत्वपूर्ण हुन्छ।

यसका लागि विद्यालय र समुदायलाई अभियानको केन्द्रमा राख्न सकिन्छ। बालबालिकालाई सानैदेखि सरसफाइको व्यवहार सिकाउने, विद्यालयमा नियमित स्वच्छता गतिविधि सञ्चालन गर्ने र विद्यार्थीमार्फत परिवारसम्म सन्देश पुऱ्याउने प्रभावकारी उपाय हुन सक्छ। टोल विकास संस्था, महिला समूह, युवा क्लब, व्यवसायी र नागरिक समाजलाई पनि अभियानमा जोडेर स्वच्छतालाई सामुदायिक आन्दोलनको स्वरूप दिनुपर्छ।

त्यसैगरी नगरपालिकाले अभियानको प्रभाव मूल्याङ्कन गर्ने स्पष्ट आधार बनाउन आवश्यक छ। कुन टोलमा फोहोर व्यवस्थापनको अवस्था सुधार भयो, शौचालयको प्रयोग कति बढ्यो, सार्वजनिक स्थानमा फोहोर फाल्ने प्रवृत्ति घट्यो कि घटेन र नागरिकको सहभागिता कस्तो रहयो भन्ने विषयको नियमित अनुगमन हुनुपर्छ। अभियान केवल च्याली, सडक नाटक र नारामा सीमित भयो भने त्यसको प्रभाव क्षणिक हुन सक्छ।

स्वच्छ नगर निर्माणको जिम्मेवारी नगर प्रमुख वा नगरपालिकाको मात्र होइन। सडक सफा गर्ने कर्मचारीले मात्रै नगर सफा राख्न सक्दैनन्। प्रत्येक घरले आफ्नो फोहोर व्यवस्थापन गर्ने, सार्वजनिक स्थानमा फोहोर नफाल्ने, शौचालयको नियमित प्रयोग गर्ने, पानीका स्रोत संरक्षण गर्ने र अरूलाई पनि स्वच्छताका लागि प्रेरित गर्ने हो भने अभियानले वास्तविक रूप लिन सक्छ।

लहानको 'घर–घरको शान, स्वच्छता अभियान'को मूल भावना पनि यही हुनुपर्छ—स्वच्छता बाहिरबाट थोपरिएको नियम होइन, घरभित्रैबाट सुरु हुने संस्कार हो। अभियानको अवधि सकिएपछि पनि नागरिकको व्यवहारमा स्वच्छता कायम रहयो भने मात्र यसको सफलता पुष्टि हुनेछ। त्यसैले च्याली र सडक नाटकलाई निरन्तर जनचेतना, प्रभावकारी सेवा र नागरिकको व्यवहार परिवर्तनसँग जोड्दै लहानलाई स्वच्छ, स्वस्थ र व्यवस्थित नगर बनाउने दीर्घकालीन अभियानमा रूपान्तरण गर्न आवश्यक छ।

संविधानको एक दशक : वर्तमानको प्राथमिकता– संशोधन कि कार्यान्वयन ?

सरकारले मात्र संविधान संशोधनको आवश्यकता महसुस गर्नु पर्याप्त हुँदैनन्न यस्तो आवश्यकताको बोध सबै सरोकारवालाले गर्नु अपरिहार्य छ। सरकारले त्यसको संयोजन, समन्वय र सहजीकरण गरिदिनुपर्छ। असन्तुष्टहरूको तुष्टीकरणका माध्यमबाट समस्याको समाधान पहिल्याउनु यो सरकारको मुख्य कार्यादेश हो। यो कार्यादेश निश्चय पनि संविधान कार्यान्वयनका दृष्टिले निकै महत्वपूर्ण छ।



धर्मेन्द्र झा

नेपाली जनताले आज शनिबार देश र विदेशमा 'संविधान दिवस' मनाएका छन/मनाइरहेका छन्। यस पटकको दिवस 'संविधान लागू भएको एक दशक' बितिसकेको सन्दर्भसँग सम्बन्धित रहेकाले विगतको दिवसभन्दा यसको चर्चा फरक छ। यो वर्ष संविधानको मूल्याङ्कन गर्ने र भविष्यका लागि आवश्यक योजना तयारीका सन्दर्भमा पनि महत्वपूर्ण छ।

संविधानका प्रावधानबारे १० वर्षमा पुनरावलोकन गर्न सकिने व्यवस्था भए अनुसार 'अब त्यो उपयुक्त समय आएको' मान्न सकिन्छ। यो संविधान दिवस महत्वपूर्ण हुने कारण अर्को पनि छ। त्यो के भने, गत फागुनमा सम्पन्न निर्वाचन मार्फत अस्तित्वमा आएको वर्तमान सरकारले संविधान दिवस पहिलो पटक मनाइरहेको छ।

ज्ञातव्य छ– वर्तमान सरकार गठन भएदेखि नै संविधान संशोधनका बारेमा चर्चा प्रारम्भ भएको छ। यस प्रयोजनका लागि प्रधानमन्त्रीका सल्लाहकार असिम शाहको संयोजकत्वमा एक समिति पनि गठन गरिएको छ। समितिले संविधान संशोधनका सम्बन्धमा बहसपत्र तयार गर्ने जिम्मेवारी पाएको विदितै छ।

यसैबीच यही भदौ ३१ गते मङ्गलबार सर्वोच्च अदालतले एउटा बहसको अन्त्य गरिदिएको छ। न्यायपालिकाले संविधान संशोधनका लागि प्रतिनिधिसभा र राष्ट्रिय सभा अर्थात् संसद्को दुवै सदनमा दुईतिहाइ मत आवश्यक पर्ने बताएको छ। यसअघि संसद्को संयुक्त सदनको दुईतिहाइ मतले पनि संविधान संशोधन हुनसक्ने एकथरी मत प्रचारित थियो।

सर्वोच्चले भनेको छ– "प्रतिनिधिसभा नियमावलीको नियम १४० (११) को संविधान संशोधनको प्रक्रिया तथा प्रमाणीकरणको विधि र नियम २५९ को विशेष कानूनसरह लागू हुने व्यवस्था संवैधानिक प्रबन्धको प्रतिकूल रहेको भन्ने प्रथम दृष्टिमा देखिएको छ।"

माथि उल्लिखित केही यस्ता विषय हुन्, जसले यस पटकको संविधान दिवसलाई विशेष चर्चित बनाएको छ। यो सरकार गठन भएदेखि नै 'सरकारले संविधान संशोधनको कार्य अघि बढाउने प्रयास थालेको' बताइएको थियो। अदालतको आदेशपछि संविधानका बारेमा विद्यमान एक प्रकारको बहसको अन्त्य भएको मानिएको छ।

योसँगै अर्को बहस एकपटक पुनः सतहमा आएको छ, त्यो के भने– वर्तमानको प्राथमिकता के हो ? संविधानको संशोधन कि कार्यान्वयन ? जानकारहरूका अनुसार विद्यमान सरकार र सत्तारूढ दलको संविधान संशोधनका सन्दर्भमा रुचि देखिए पनि 'संशोधनको औचित्य' भने अहिलेसम्म स्पष्ट हुनसकेको छैन। शाह नेतृत्वको समितिले पनि हालसम्म कुनै स्पष्ट दृष्टिकोण निर्माण गर्न सकेको छैन। यस्तोमा 'संविधान संशोधनको विषयलाई लोकप्रिय मुद्दाका रूपमा मात्र स्थापित गर्न खोजिएको' भन्ने अर्थमा बुझियो भने त्यसलाई अन्यथा मान्न सकिदैन।

संविधान दिवस मनाउने विषय नेपाल र नेपालीका लागि निश्चय पनि नयाँ होइन। पहिले पनि यो दिवस मनाउने गरिन्थ्यो, यसपटक पनि मनाइनेछ, भोलि पनि मनाइनेछ। माथि थोरै चर्चा गरियो, तर अहिले मनाइने संविधान दिवसको सन्दर्भ र महत्व विगतको भन्दा फरक छ। जननिर्वाचित संसद् (संविधानसभा) द्वारा निर्मित संविधानको दशौं दिवसका रूपमा आयोजित यस पटकको संविधान दिवसको विशेष महत्व छ।

यो संविधान मार्फत 'आफैंले संविधान लेख्ने' जनताको सात दशकअघिदेखिको अभिलाषाले आकार ग्रहण गरेको थियो। तर संविधान जारी प्रक्रियामा मधेश र थरुहटकेन्द्रित दल र नेताको सहभागिता जुट्न सकेको थिएन। घाउका खाटा अझै पनि कतै छन्। संविधान निर्माताका दृष्टिमा संविधान प्राप्तिलाई 'उपलब्धि' कै रूपमा स्वीकारिनुपर्छ। तर विरोध गर्ने समूहले अझै पनि कुनै न कुनै रूपमा टाउको ठड्याउने प्रयास जारी नै राखेका छन्। यस दिवसलाई 'कालो दिवस' को जामा पहिऱ्याउने एउटा जमात अझै पनि सक्रिय छ।

यो संविधानले विगत २०६२/६३ को जनआन्दोलनको मागको उत्कर्ष 'गणतन्त्र' र २०६३/६४ को मधेश आन्दोलनको उपलब्धि 'संघीयता' लाई सिद्धान्तमा अनुवाद गरेको छ। संविधानको यो महत्वपूर्ण पक्ष हो।

स्वीकार्नैपर्छ– संविधानमा केही कमजोरी छन्। अन्तरिम संविधानमा व्यवस्थित केही अधिकारमुखी सन्दर्भहरू नयाँ संविधानमा व्यवस्था गरिएनन्, कटौती गरिए। यस अर्थमा यो संविधानलाई पश्चगामीको आरोप लागेको छ। संविधान मार्फत जनतालाई प्रदान गरिने अधिकारहरू कहिल्यै संकुचन हुँदैनन्, बरु विस्तार हुन्छ भन्ने मान्यता विश्वव्यापी हो।

संविधानवादको सिद्धान्तले यही स्पष्ट पार्दछ। यसकारण पनि वर्तमानमा संविधान संशोधनको औचित्यको खोजी गर्नु महत्त्वपूर्ण हुन्छ। संशोधन मार्फत जनताको अधिकारको 'विस्तार' गर्न खोजिएको हो कि 'संकुचन' ? नेपालमा विगतमा संविधानवादको सिद्धान्त उल्लंघन भएको निष्कर्ष निकाल्दै विविध तर्क प्रस्तुत हुने गरेका छन्।

विगतमा संविधानमा रहेका कमजोरीका बारेमा समय छँदै आवाज नउठेको होइन तर संविधान निर्माणको प्रक्रियासँगै गुञ्जिन थालेका असहमतिका त्यस्ता स्वर सम्बोधन गरिएनन्। असहमति थाती राखेर संविधान जारी गरियो। समय थपेर भए पनि असन्तुष्टि र अहसमतिलाई सम्बोधन गरेर संविधान जारी गरिनुपर्थ्यो भन्ने एकथरी तर्क अझै जीवित छ। संविधान जारी गर्ने भूमिकामा रहेका प्रथम राष्ट्रपति डा. रामवरण यादवले पनि पटक–पटक विभिन्न सन्दर्भमा यसै आशयको धारणा अभिव्यक्त गर्दै आएका छन्।

नेपालको संविधान निरन्तर संशोधनको गुञ्जायस रहेको 'नरम' प्रकृतिको संविधान हो। एकपटक लेखिएका अक्षरहरूमा सीमित रहने 'दृढ' संविधान होइन यो। यस अर्थमा यो संविधान 'लकिरको फकिर' होइन। संविधानमा संशोधनका माध्यमबाट असन्तुष्टिहरूलाई सम्बोधन गर्न सकिन्छ। यसका लागि सम्बद्ध सबै पक्ष जिम्मेवार हुनु अपरिहार्य छ।

जारी हुनेबित्तिकै संशोधित भएर संविधानले आफ्नो 'नरम' प्रवृत्ति प्रमाणित गरिसकेको छ। असन्तुष्टि सम्बोधनका लागि संविधानको संशोधनको प्रक्रिया एक उत्तम विकल्प हुन सक्छ। एकपटक संशोधन हुनसक्ने संविधानमा अर्को पटक पनि संशोधन हुन सक्छ।

असन्तुष्ट पक्षका मत र दृष्टिकोण निश्चय पनि महत्वपूर्ण छन्, संशोधन मार्फत तिनको सम्मान गरिनुपर्छ। यसका साथै असन्तुष्ट पक्षले पनि 'उपलब्धि मूल्याङ्कनको यथार्थवादी दृष्टिकोण' विकसित गर्नु आवश्यक छ। 'कालो दिवस' का रूपमा मनाउनेले बुझ्नु जरुरी छ– संविधान अकाट्य, अभेद्य र अपरिवर्तनीय दस्तावेज होइन। आवश्यकता अनुसार संशोधन हुन सक्छ र असहमतिको अन्त्य गर्न सकिन्छ। संविधान कार्यान्वयनका सन्दर्भमा देखिएका केही जटिलताको सम्बोधन संवादबाटै खोजिनु श्रेयस्कर हुन्छ।

माथि पनि भनियो, सरकारले संविधानमा संशोधनको अभिप्राय राखेको स्पष्ट छ। हो, संविधानमा केही समस्या अनुभूत गरिएको सत्य हो। सरकारद्वारा शाहको संयोजकत्वमा गठित समितिले निश्चय पनि त्यस्ता असहमति र त्रुटिको सूचीकरण गरेको हुनुपर्छ।

सरकारले मात्र संविधान संशोधनको आवश्यकता महसुस गर्नु पर्याप्त हुँदैन यस्तो आवश्यकताको बोध सबै सरोकारवालाले गर्नु अपरिहार्य छ। सरकारले त्यसको संयोजन, समन्वय र सहजीकरण गरिदिनुपर्छ।

सरकारले पछिल्लो पटक दल लगायतका सरोकारवालासँग वार्ताको वातावरण निर्माणको प्रयास गरेको छ र माथि भनियो– यस प्रयोजनका लागि एक आधिकारिक समिति नै गठन गरेको छ। निश्चय पनि यो समितिले संविधानको विरोध गरिरहेकाहरूसँग पनि छलफल गर्ने अनुमान गर्न सकिन्छ। असन्तुष्टहरूको तुष्टीकरणका माध्यमबाट समस्याको समाधान पहिल्याउनु यो सरकारको मुख्य कार्यादेश हो। यो कार्यादेश निश्चय पनि संविधान कार्यान्वयनका दृष्टिले निकै महत्वपूर्ण छ। संविधानप्रतिको 'सर्वस्वीकार्यता' निर्माणका लागि पनि सरकारले यो जिम्मेवारी पूरा गर्नु जरूरी छ।

सर्वस्वीकार्यताको सन्दर्भ संविधानको कार्यान्वयनसँग गहनतम रूपले जोडिन्छ। संघीयताप्रति विभिन्न कोणबाट प्रश्न उठाइरहिएको वर्तमान सन्दर्भमा 'संविधान कार्यान्वयन हुन नसके वा कार्यान्वयनका दिशामा समस्या उत्पन्न भए संविधानको भविष्य नै पनि खतरामा पर्न सक्ने' सम्भावनालाई नकार्न सकिदैन।

त्यसो त निर्वाचन अगाडि प्रधानमन्त्रीले जनकपुरको तिरहुतिया गाछीमा गरेको सम्बोधनका आधारमा संघीयताको भविष्यप्रति आशङ्कित भइहाल्नुपर्ने अवस्था भने छैन। यो सन्तोषको विषय हो। एउटा कुरा महत्वपूर्ण छ– वर्तमान सरकारको जग गत भदौ २३ र २४ को 'जेनजी' आन्दोलन हो। त्यो आन्दोलनले पनि यही संविधानबाटै समस्याको समाधान खोज्ने मनसाय व्यक्त गरेको छ।

आन्दोलन पश्चात् विगतमा केपी ओली नेतृत्वको सरकार अपदस्थ भएर नयाँ सरकार गठन गर्ने सम्बन्धमा पनि विद्यमान संविधानकै आधारमा उपाय अवलम्बन गरिएको स्पष्ट छ। यस आधारमा के भन्न सकिन्छ भने– विगतको आन्दोलनले संविधान परिवर्तन होइन, बरु यही संविधानका पक्षमा मत अभिव्यक्त गरेको हो।

त्यही आन्दोलन र यही

–बाँकी तीन पेजमा

संविधानको एक...

संविधानका आधारमा गठित सरकारले पक्कै पनि आन्दोलनको म्यान्डेटको सम्मान गर्ने विश्वास गर्नु गलत हुनेछैन। संविधान संशोधनसँग सम्बन्धित सबै कार्यभार वर्तमान सरकारले यथा समयमा सम्पन्न गरेर आफ्नो औचित्य साबित गर्ने अपेक्षा गर्नु अनुचित हुनेछैन।

यसका लागि आवश्यक छ– देशमा विद्यमान विविध राजनीतिक शक्ति बीच सहकार्य र संवाद। यसका लागि जरूरी छ– आपसी विश्वास। विश्वासको अभावमा माथि उल्लिखित कुनै पनि विषय टुङ्गोमा पुग्न सक्दैनन्। यो सत्य हो। संविधान कार्यान्वयनको सन्दर्भमा कुनै पनि पक्षले 'सत्ता र प्रतिपक्षको भावनाले ग्रसित भएर भाँजो हाल्ने कार्य गर्नु' अनुचित हुनेछ।

सशस्त्र प्रहरीका ...

बोर्डर आउटपोस्टमा कार्यरत सशस्त्र प्रहरी नायव निरीक्षक यादवको १६ मंसिर २०८१ को बिहान करिब ३ बजे तस्करीका लागि भारततर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको चारपांग्रे गाडीले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो।

ट्रकको ठक्करबाट...

अन्सारी घाइते भएका छन्। उनको दुवै खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। अन्सारीको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

दुर्घटनापछि ट्रक चालक धनुषाको मिथिला नगरपालिका–९ का करिब २५ वर्षीय कमलेश महतोलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनालगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी निरीक्षक जीवकान्त चौधरीको कमाण्डमा टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले घटनास्थलको मुचुल्कालगायत आवश्यक कानुनी प्रक्रिया पूरा गरी मृतक मण्डलको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहा पठाएको जनाएको छ।

ट्रक र चालकलाई इलाका प्रहरी कार्यालय मिर्चैयाको नियन्त्रणमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सिरहाका प्रवक्ता एवं डिएसपी रमेशबहादुर पालले जानकारी दिए।

अर्बौंको योजना कागजमै सीमित, बेरुजुको चाङ

सुभाष कायस्थ

जनकपुरधाम, ३ असोज। मधेश प्रदेश सरकारको करोडौंको योजना कागजमै सीमित रहेको पाइएको छ। प्रदेश सरकारले बजेटमा घोषणा गरेका कतिपय महत्वपूर्ण कार्यक्रम कार्यान्वयनमा नआई कागजमै सीमित हुन गएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ।

सरकारले आफ्नै मुद्रण छापाखाना स्थापनाका लागि ८० लाख रुपैयाँ, मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेलाई सीपमूलक तालिमका लागि एक करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरे पनि ती कार्यक्रम कार्यान्वयन नभएको महालेखाले जनाएको छ।

यस्तै, नारायणी क्रिकेट रंगशालामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रशिक्षण केन्द्र स्थापना गर्न ३० लाख रुपैयाँ, भूमिगत जलस्रोत नक्सांकन तथा रिचार्जिङ जोन अध्ययनका लागि ५० लाख रुपैयाँ र मधेश नदी सञ्जालीकरण योजनाको अध्ययन अनुसन्धानका लागि एक करोड रुपैयाँ बजेट राखिएको थियो। तर ती योजनाहरु सञ्चालनमा आएनन्।

प्रदेशमा दुई हजार मेगावाटसम्म सौर्य ऊर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन गर्न १५ लाख रुपैयाँ तथा मधेश प्रदेशको पर्यटन गुरुयोजना निर्माणका लागि ५० लाख रुपैयाँ बजेट व्यवस्था गरिएको भए पनि ती कार्यक्रमसमेत कार्यान्वयन नभएको प्रतिवेदनमा उल्लेख छ।



यस्तै जनकपुरधामस्थित स्वर्गद्वारमा विद्युतिय शवदाहगृह निर्माणका लागि १६ करोड, मधेश प्रदेशका सबै जिल्ला समेटने गरी चारवटा पर्यटकीय सर्किटको सम्भायता अध्ययन गर्न ५० लाख, ८० लाख रुपैयाको भन्सार क्षेत्रमा पर्यटक विश्रामस्थल निर्माण, एक करोडको लागतमा धनुषाको गणेशमान चारनाथ नगरपालिकामा जनयुद्ध संग्राहालय निर्माण, तीन करोड ९१ लाखको लागतमा कृषि उत्कृष्टता केन्द्र स्थापना, सर्लाहीमा एक करोड २० लाखको लागतमा कृषि प्रदर्शनी केन्द्र निर्माणलगायतका एक करोडभन्दा बढीको मात्रै दुई दर्जनभन्दा बढीको कार्यक्रम योजनाहरुसहित अर्बौं रुपैया बराबरको योजना सञ्चालनमा नआई कागजमै सीमित रहन गएको हो।

महालेखाले बजेटमा समावेश गरिएका कार्यक्रम कार्यान्वयन गर्न तथा कार्यान्वयन हुन नसक्ने कार्यक्रमलाई बजेटमा समावेश नगर्न प्रदेश सरकारलाई सुझाव दिएको छ।

यस्तै यस्तै आ.व. २०८२/०८३ मा बजेट घाटामा गएको भन्दै अर्बौं रुपैयाको योजना सञ्चान नगरी कागजमै सिमित हुन गएको छ। गत आ.व.मा १३ अर्बभन्दा बढीको योजना कटौती गरिएको थियो। चालु आ.व.मा समेत बजेट घाटामा गएको भन्दै विभिन्न शीर्षकमा रकम कटौती गरे पनि तीन अर्बभन्दा बढीको योजनाहरु कटौती गरिएको छ।

मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन, रकमान्तर, अनुदान वितरण तथा सरकारी सम्पत्तिको व्यवस्थापनमा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ। आर्थिक वर्ष २०८१/८२ मा विभिन्न शीर्षकमा ठूलो परिमाणमा रकमान्तर गरिएको देखिएको छ। आर्थिक वर्षको असार महिनामै एक अर्ब ३४ करोड ८२ लाख ७३ हजार रुपैयाँ रकमान्तर भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार विभिन्न चरणमा बजेट रकमान्तर गरिएको र असार महिनामा मात्रै एक अर्ब ३४ करोड ८२ लाख ७३ हजार रुपैयाँ रकमान्तर गरिएको पाइएको थियो। आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फ लेखापरिक्षणमा मधेश प्रदेश सरकारको एक अर्ब १६ करोड ३८ लाख कुल बेरुजु देखिएको थियो भने आ.व. २०७९/०८० मा मधेश प्रदेशको बेरुजु एक अर्ब ८५ करोड ४२ लाख बेरुजु रहेको थियो।

रूपन्देहीमा गाडी चोरेर कागजात र स्वरूप फेरेर बिक्री गर्ने गिरोह पक्राउ
सेकेन्ड ह्यान्ड गाडीमोटर किन्दा सचेत रहन प्रहरीको आग्रह

अमृता अनमोल

बुटवल, ३ असोज। रूपन्देहीमा सवारीसाधन चोरी गर्ने र कागजात तथा स्वरूप बदलेर बिक्री गर्ने गिरोह सक्रिय छ। आर्थिक वर्ष २०८०।०८१ यताको तीन वर्षमा मात्रै रूपन्देहीबाट ८ सय ४६ सवारीसाधन हराएका छन्। दिनदहाडै सवारी हराउने मात्र होइन सेकेन्ड ह्यान्ड सवारी किन्दा चोरीको समान परेर उपभोक्तासमेत ठगिएका छन्।

तपाईं सेकेन्ड ह्यान्ड मोटरसाइकल किन्दै हुनुहुन्छ ? वा बजार मूल्यभन्दा निकै कममा सवारी पाउनुभएको छ ? सस्तो मूल्य देखेर किन्ने हतार नगर्न रूपन्देही प्रहरीको सुझाव छ। किनभने रूपन्देहीमा नेपाली एवं भारतीय बजारबाट मोटरसाइकल चोरी गर्ने, नक्कली नम्बर प्लेट जडान गर्ने, नक्कली सवारी दर्ता किताब ब्लुबुक तयार गरी बिक्री गर्ने गिरोह सक्रिय छ।

रूपन्देही प्रहरीले पछिल्लो पटक बुटवलबाट चार अभियुक्तसहित छवटा मोटरसाइकल, तीनवटा स्कुटर, दुई थान ल्यापटप र यौटा रङ्गीन प्रिन्टर बरामद गरेको छ। रुपन्देही प्रहरीले हरेक महिना एक, दुईवटा चोरीका सवारी साधन किनबेचका अभियुक्त पक्राउ गरे पनि नक्कली कागजात बनाउने मसिनसहित पक्राउ परेको यो पहिलो घटना हो।

रूपन्देहीमा जिल्लाभित्रै मोटरसाइकल चोरी गरी बेच्ने गिरोह पनि सक्रिय छ। यहाँ तीन वर्षमा ८ सय ४६ सवारीसाधन हराएको उजुरी परेको छ। हराउनेमा सबैभन्दा धेरै सवारी ७ सय ४९ मोटरसाइकल छन्। यसबाहेक ८६ स्कुटर, एउटा कार, रिक्सा १२ र यौटा ई–लोडर हराएका छन्।

गाडी चोरी गरी बिक्री गरेको आरोपमा एक सय एकवटा मुद्दा दर्ता हुँदा १ सय ६६ जना पक्राउ परेका छन्। उनीहरूबाट १ सय १९ मोटरसाइकलसहित एक सय ४४ वटा सवारी फेला परेका छन्। गिरोहले बेचेका सवारीसाधनमध्ये एक सयवटा मोटरसाइकल मात्रै सक्कली सवारी धनीले फिर्ता पाएका छन्।

चोरीका सवारीसाधनमा सक्कलीजस्तै देखिने नम्बर प्लेट र कागजात प्रयोग गरिने भएकाले सामान्यरूपमा हेर्दा छुट्याउन कठिन हुनसक्छ। त्यसैले सेकेन्ड ह्यान्ड सवारी किन्दा ब्लुबुक, चेसिस नम्बर, इन्जिन नम्बर, कर तथा यातायात कार्यालयको अभिलेख अनिवार्य जाँच गर्न प्रहरीको आग्रह छ। रूपन्देहीसहित सीमा क्षेत्रका धेरै जिल्लामा मोटरसाइकल चोरी गर्ने, नक्कली नम्बर प्लेट जडान गर्ने, नक्कली सवारी दर्ता किताब ब्लुबुक तयार गरी बिक्री गर्ने गिरोह सक्रिय छ। जसले जतिबेला जसलाई पनि फसाउन सक्छ। यसर्थ सरकारी अभिलेख जाँच नगरी सस्तो मूल्यको लोभमा सेकेन्ड ह्यान्ड सवारीसाधन किन्दै नकिनौं।

उदयपुरमा दुई महिनायता ४९ जनालाई डेंगी संक्रमण

विदुर कटुवाल

उदयपुर, ३ असोज। उदयपुरमा साउन र भदौ महिनामा मात्रै ४९ जनामा डेंगी संक्रमण पुष्टि भएको छ। चालू आर्थिक वर्षको दुई महिनामा झापा र खोटाङपछि तेस्रो स्थानमा उदयपुरमा सो संख्यामा डेंगी संक्रमण भएको हो। जिल्ला स्वास्थ्य कार्यालयका वरिष्ठ मेडिकल ल्याब टेक्निसियन लौकाजी राईका अनुसार आर्थिक वर्ष ०८२/८३ मा जिल्लाभर ४६ जनालाई मात्रै डेंगी संक्रमण भएकामा यस आर्थिक वर्षको पहिलो दुई महिनामा मात्रै संक्रमितको संख्या ४९ पुगेको हो।

सबैभन्दा बढी त्रियुगा र बेलका नगरपालिकामा २३/२३ जना, चौदण्डीमा २ र कटारी नगरपालिकामा एकजनामा डेंगी पुष्टि भएको छ। उनका अनुसार दुई हजार तीन सय ८४ जनामा डेंगी परीक्षण गरिएकामा ४९ जनामा संक्रमण पुष्टि भएको थियो। कोशी प्रदेशमा साउन र भदौमा सबैभन्दा बढी झापामा चार सय ३३ र खोटाङमा ७२ जनामा डेंगी संक्रमण भएको छ।

डेंगी संक्रमणको जोखिम बढ्दै गएपछि त्रियुगा नगरपालिकाले लामखुट्टेको प्रजननस्थल खोजी गरी नष्ट गर्ने अभियानदेखि विद्यालय तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ। बजार क्षेत्रभित्र वर्कसप/ग्यारेज, कवाडी तथा फोहोरजन्य सामग्री व्यवस्थापनमा संलग्न व्यवसायी, निर्माण व्यवसायी, शिक्षक, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, युवा क्लबका सदस्य तथा कलेज तहका विद्यार्थीलाई समेत परिचालन गरिने भएको छ।

लामखुट्टेले जमेको सफा पानीमा समेत प्रजनन गर्ने भएकाले घर तथा वरपर पानी जम्न नदिने, टायर, गमला, बोतल, ड्रमलगायत पानी जम्न सक्ने सामग्री व्यवस्थापन गर्ने र आफ्नो टोल तथा समुदायमा नियमित सरसफाइ गर्ने कार्यलाई अभियानको मुख्य प्राथमिकतामा राखिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

नाप नक्सा भएको सात वर्षपछि ३८८ परिवारले पाए पुर्जा

जनकपुरधाम, ३ असोज। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–१ का ३८८ परिवारले नाप नक्सा सम्पन्न भएको सात वर्षपछि जग्गाधनी प्रमाणपुर्जा पाएका छन्। साविक रमदैया भवाडी गाविसका वडा नं २, ३, ४, ६, ७ र ८ का ती परिवारको जग्गाको नाप नक्सा विसं २०७४ मै सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसक्दा पुर्जा वितरण हुन सकेको थिएन।

क्षीरेश्वरनाथ नगरपालिकामा आज आयोजित कार्यक्रममा नगरप्रमुख सुखदेव यादवले जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गरे। नाप नक्सा सम्पन्न भइसकेका नगरपालिका–२ का २४२ परिवारलाई भोलि जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने तयारी रहेको नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले जानकारी दिए।

नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक क्षेत्रका जग्गाको समस्या समाधान गर्दै जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गर्न थालिएको उनले बताए। यसअघि भदौ २९ गते हंसपुर नगरपालिका–५, साविक सुगा निकास गाविस–३ का ३६५ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको थियो।

वीरगन्जमा उपेन्द्र यादवको अपील : मधेसका लागि आन्दोलन गर्न तयार रहनुहोस्



क्रान्ति शाह

वीरगन्ज, ३ असोज । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेसको अधिकारका लागि फेरि एक पटक आन्दोलन गर्नुपर्ने भएकाले रहन मधेसी जनतासँग आह्वान गरेका छन् । वीरगन्जमा शनिबार आयोजित ९ दलीय अग्रगामी मोर्चाको मधेस प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै जसपा नेपालका अध्यक्ष यादवले मधेस प्रदेशमा शासन र प्रशासनमा मधेस बाहिरका मान्छेहरुको कब्जा रहेको बताएका हुन् ।

यादवले भने,'अहिले भएको जस्तो मधेस प्रदेश हामीले खोजेकै होइन । किनकि मधेस प्रदेश भएपनि यो प्रदेशमा शासन र प्रशासन दुवै मधेसका बाहिरका मानिसहरुको कब्जामा छ । हामीले शासन र प्रशासनमा मधेसी नै हुनुपर्ने प्रदेश खोजेका थियौं। प्रदेशको पुलिस, न्यायालय, कर्मचारी सबै मधेसमै जन्मेको मधेसी हुनुपर्छ ।'

उनले मधेस राज्यका फेरि एक पटक मधेसी जनताले संघर्ष गर्ने बेला आइसकेको बताए । उनले भने,'मधेसीले आफ्नो शासन र प्रशासनका लागि अब फेरि एक पटक लड्ने बेला भइसकेको छ। त्यसका लागि सबै जना तयार रहनु होला। किनकि अधिकार कसैले किस्तिमा सजाएर दिँदैन, अधिकार लडेरै लिनुपर्छ ।' मुलुकको अहिलेको संकट र दुदर्शाको जिम्मेवार नै कांग्रेस र कम्युनिष्टहरु रहेको आरोपनि उनले लगाए । 'काले काले मिली खाउँ भाले' भने जस्तै विगतमा कांग्रेस र कम्युनिष्टले मिलेर सत्ता चलाउँदै देशलाई लुटेको उनको भनाई थियो ।

मधेस आन्दोलन भएकै कारण कांग्रेस र एमालेले संघीय गणतन्त्र स्वीकार्न बाध्य भएको उनले सुनाए । उनले भने,'यदि मधेस आन्दोलन नभइदिएको भए कांग्रेस र कम्युनिष्टले संघीय गाणतन्त्र स्वीकार नै गर्दैनथे ।'अहिलेपनि कांग्रेसका केहि ठूला नेताहरूले हिन्दु राष्ट्र र संवैधानिक राजा ल्याउनु पर्छ भनेर अभियान नै चलाइरहेको उनले बताए ।


रास्वपाप्रति लक्षित गर्दै जसपा नेपालका अध्यक्ष यादवले घण्टी छापवाला पार्टी र त्यसका नेताहरु पनि संघीयता विरोधी रहेको आरोप लगाए । उनले भने,'घण्टी छापका नेताहरुले मधेसको भोट लिनका लागि जनकपुरमा संघीयता बलियो बनाउनुपर्छ भनेर भाषण गरे। तर त्यही नेताहरु चितवनमा पुगेर प्रदेश खारेज हुनुपर्छ भनेर भाषण गरे । त्यसकारण संघीयताबारे घण्टी पार्टी र त्यसका नेताहरुको द्वैध नीति र चरित्र छ ।'

कार्यक्रमलाई सम्बोधन गर्दै आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बालेन शाह नेतृत्वको सरकार लाचार बनेको टिप्पणी गरे । उनले अहिलेको सरकार विपक्षीहरूको कारण नभई रास्वपाभित्रैबाट असहयोगको कारण कमजोर र लाचार देखिएको दाबी गरे ।

सुनसरी देवानगञ्जको धार्मिक दंगाको घटनादेखि रसुवा भोटेकोशी बाढीको कारण निम्तिएको विपत्तिको संकटसम्म रास्वपा नेतृत्वले प्रधानमन्त्री बालेनलाई बाईपास गरेर सक्रियता देखाएको घटनाको स्मरण गराउँदै उनले प्रधानमन्त्री बालेनलाई रास्वपाले नसघाएको आरोप लगाए ।

विदेश सम्बन्ध र कुटनीतिक अभ्यासको सवालमा पनि रास्वपाका सभापति रवि लामिछाने एकातिर र प्रधानमन्त्री बालेन अर्कोतर्फ उभिएको साहको भनाई थियो । साहले रास्वपाका सभापति लामिछानेले समानान्तर सरकार चलाउन खोज्दा सरकारको कार्यसम्पादनमा असर परिरहेको कुरा सचेत नागरिकले गुनासो पोख्न थालेको पनि टिप्पणी गरे ।

संविधानको भावनाअनुरूप अघि बढ्न प्रदेश प्रमुख कर्णको आग्रह



लक्ष्मी चौधरी

जनकपुरधाम, ३ असोज । मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले संविधानको संरक्षण, कार्यान्वयन र यसको मूल भावनाअनुरूप अघि बढ्न आग्रह गर्नुभएको छ ।

शनिबार संविधान दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्नुहुँदै प्रदेश प्रमुख कर्णले संविधानका मूल मर्म र भावनालाई आत्मसात् गर्दै यसको प्रभावकारी कार्यान्वयन, सुशासन, राष्ट्रिय एकता तथा सामाजिक सद्भाव सुदृढ गर्नु सबैको साझा दायित्व भएको बताउनुभएको हो ।

उहाँले नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त नेपालको संविधान संघीय लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, मौलिक हक, सामाजिक न्याय, समानता र समावेशिताको आधारस्तम्भ रहेको उल्लेख गर्नुभएको छ ।

प्रदेश प्रमुख कर्णले संविधान दिवसले संविधानप्रतिको निष्ठा र प्रतिबद्धतालाई अझ दृढ बनाउँदै न्यायपूर्ण, समावेशी, सुशासित तथा समृद्ध नेपाल निर्माणको राष्ट्रिय संकल्पलाई सार्थक बनाउन प्रेरणा प्रदान गर्ने विश्वास समेत व्यक्त गर्नुभयो । उहाँले सो अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामनासमेत व्यक्त गर्नुभएको छ ।

शिक्षकको कुटाइबाट विद्यार्थी घाइते


राजविराज, ३ असोज । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-९ स्थित श्री महावीर माध्यमिक विद्यालयमा शिक्षकको कुटाइबाट एक विद्यार्थी घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार विद्यालयमा कक्षा ८ मा अध्ययनरत १५ वर्षीया अरफा खातुनलाई शिक्षक देवनारायण झाले कुटपिट गरेका हुन् । कुटपिटबाट घाइते विद्यार्थीलाई उपचारका लागि राजविराजस्थित अस्पतालमा भर्ना गरिएको थियो । थप उपचारका लागि उनलाई विराटनगर लगिएको प्रहरी नायब उपरीक्षक घिमिरेले बताउनुभयो ।

विद्यार्थीको अवस्था सामान्य रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यार्थीले पटक-पटक अटेर गरेपछि शिक्षकले दुई झापड हानेको बताइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको र विस्तृत विवरण अनुसन्धानपछि मात्र भन्न सकिने प्रहरी नायब उपरीक्षक घिमिरेले जनाउनुभयो ।

वडा अधिवेशन सुरु भएसँगै कांग्रेसको विवाद झन् सतहमा







प्रकाश बम

काठमाडौं, ३ असोज । नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत शनिबारदेखि विभिन्न जिल्लामा वडा अधिवेशन सुरु भएको छ । संस्थापन पक्ष महाधिवशेनमा होमिँदा देउवा पक्ष भने असोज १५ गते हुने छुट्टै महाधिवेशनमा जुटेको छ । जसका कारण तटस्थ रहेको शेखर कोइराला पक्षले विभाजनको रेखा कोरिएको बताइरहेको छ । सभापति गगन थापा पक्ष, देउवा पक्ष र तटस्थ भूमिकामा रहेको शेखर कोइराला समूहका कारण पुरानो प्रजातान्त्रिक दल नेपाली कांग्रेस तीन धारमा देखिँदा तल्लो तहका नेता तथा कार्यकर्ता अन्योलमा परेका छन् ।

केन्द्रीय निर्वाचन समितिका अनुसार ३५ जिल्लामा वडा अधिवेशन शनिबारबाट सुरु भएको छ भने ३९ जिल्लामा आइतबार वडा अधिवेशन हुनेछ । रसुवा र नुवाकोटमा असोज ७ र धादिङमा असोज ५ गते वडा अधिवेशन गर्ने तयारी भइरहेको छ । विधानअनुसार केन्द्रीय सदस्यले समेत वडाबाटै निर्वाचन लडेर आउनुपर्ने व्यवस्था छ । सभापति गगन थापादेखि केन्द्रीय सदस्यले समेत जिल्ला तहबाटै मनोनय दर्ता गराएका छन् । जारी वडा अधिवेशनले सभापति, एक महिलासहित दुई उपसभापति, एक सचिव, एक सहसचिव र सदस्य निर्वाचित गर्नेछ । संगै क्षेत्रीय प्रतिनिधि समेत चयन गर्छ ।

अधिवेशनमा वडाक्षेत्रभित्रका क्रियाशील सदस्य वडा अधिवेशनका मतदाता र सदस्य हुन्छन । असोज ७ गते बुधबार गाउँरनगरपालिका अधिवेशन गर्ने असोज १० गते शनिबार प्रदेशसभा क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा असोज १६, १७, १८ र १९ गते पार्टीको १५औं महाधिवेशन गर्ने कार्यातालिका छ । गाउँ, नगर, उपमहानगर र महानगर वडा अधिवेशनबाट क्षेत्रीय अधिवेशनका लागि प्रतिनिधिहरू पनि चयन हुनेछन् । देउवा समूहले भने १५ गतेबाट अधिवेशन गर्ने तयारी गरिरहेको छ । ७७ वटै जिल्लामा प्रतिनिधि खटाएको यो पक्षले विभिन्न जिल्लामा संयोजक र सहसंयोजक समेत तोकेर तयारी तीव्र पारेको हो ।

सर्वोच्चमा रहेको मुद्दा कुरेर बस्नुपर्ने संस्थापनले निर्वाचनको प्रक्रिया सुरु गरेका विभाजन चाहेको आरोप लगाएको छ । सभापति थापाले पार्टी एकताका लागि पहल नगरेपछि आफूहरू मंसिरमा महाधिवेशन गर्नेगरी अगाडि यो पक्षका नेताको भनाइ छ । कांग्रेस संस्थापन र इतर समूहले छुट्टाछुट्टै महाधिवेशनतर्फ अगाढी बढ्दा शेखर कोइराला समूह भने तटस्थ बसेको छ । यो समूहले दुवै तर्फका अधिवेशन रोकेर सहमतिको वातावरण निर्माण गर्नुपर्ने अडानमा छ ।

देउवा पक्षले शनिबारको वडा अधिवेशनमा भाग लिएको छैन । जसका कारण कतिपय प्रभावशाली र शीर्ष नेता तल्लो तहको अधिवेशन प्रभावित भएको छ । गगन कांग्रेस, देउवा कांग्रेस र तटस्थ कांग्रेस गरी तीन धारमा विभाजित हुँदा तल्लो तहका कतिपय नेता कार्यकर्ताहरु अन्यौलमा छन् । विवाद समाधानका लागि देउवा र थापाबीच संवाद हुन समेत सकेको छैन ।

जेन-जी आन्दोलनमा फरार लागुऔषध मुद्दाका प्रतिवादी पक्राउ

मणिलाल विश्वकर्मा

लहान, ३ असोज । सिरहा प्रहरीले पछिल्लो वर्ष जेन-जी आन्दोलनको क्रममा लागुऔषध मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ । गोलबजारस्थित इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले लागुऔषध मुद्दाअन्तर्गत जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतबाट फरार सिरहाको अर्नमा गाउँपालिका- २, ब्रह्मपुरीका करिब २३ वर्षीय धीरजकुमार महतोलाई पक्राउ गरेको सिराहा प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार जेन-जी आन्दोलनको क्रममा फरार भएका महतो घरमै लुकिछिपी बसिरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरीले पक्राउ गरी आवश्यक अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरीमा दाखिला गरिएको छ ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)